जगदुल्ला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०३ अतिरिक्ताङ्कः ०१ मितिः २०७५ साल मंसिर २१ गते

भाग–२

## जगदुल्ला गाउँपालिका

## मेसिन (Backhoe Loader) सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना**

जगदुल्ला गाउापालिका डोल्पा अति दुर्गम एवं सडक पहुाच नभएको भइ यस गाउापालिकामा सडक लगायत अन्य विकासका पूर्वाधार एवं संरचना निर्माण तथा मर्मत गर्नको लागि मेसिन (Backhoe Loader) अति आवश्यक भएकोले सो मेसिन खरिद गर्ने गाउा कार्यपालिकाले निर्णय गरेकोले सोको सुव्यवस्थित एवं नतिजामुखी ढंगबाट सञ्चालन, सदुपयोग गर्न वान्छनिय भएकाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) र (७) बमोजिम जगदुल्ला गाउापालिका गाउा कार्यपालिकाबाट मेसिन (Backhoe Loader) सञ्चालन कार्यविधि तयार गरी स्वीकृत गरिएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भ :** (१) यस कार्यविधिको नाम मेसिन (Backhoe Loader) सञ्चालन कार्यविधि, २०७५ रहेको छ ।
(२) यो कार्यविधि स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. गाउापालिका भन्नाले जगदुल्ला गाउापालिका सम्भ्कनुपर्छ।

ख. गाउा कार्यपालिका भन्नाले जगदुल्ला गाउा कार्यपालिका सम्भ्कनुपर्छ।

ग. वडा भन्नाले जगदुल्ला गाउापालिका डोल्पा अन्तर्गतका वडा नं. १,२,३,४,५, र ६ लाई सम्भ्कनुपर्छ।

घ. सेवा ग्राही भन्नाले मेसिन को तोकिएको सेवा शुल्क दस्तुर तिरी सेवा लिने व्यक्ति/समुह/उपभोक्ता समुह/जनसमुदाय/सरकारी कार्यालय/गैर सरकारी संघ संस्था समेतलाई सम्भ्कनुपर्छ।

ङ. गाउा कार्यपालिकाको कार्यालय भन्नाले जगदुल्ला गाउा कार्यपालिकाको कार्यालय डोल्पा सम्भ्कनुपर्छ।

## परिच्छेद – २

### ३. मेसिन चालक र सहयोगी कर्मचारीको व्यवस्थाः

१) मेसीन सञ्चालन गर्नको लागि मेसिन चालक एक जना र सहयोगी एक जना गरी दुई जना नियुक्ति गरिनेछ।

२) उपदफा (१) बमोजिमको मेसिन चालक र मेसिन सहयोगीको नियुक्ति गाउा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

३) उपदफा (२) बमोजिम नियुक्ति भएका चालक र सहयोगी कर्मचारीले पाउने तलब भत्ता गाउापालिकाको आन्तरिक स्रोतबाट तोकिए बमोजिम उपलव्ध गराइनेछ।

## परिच्छेद – ३

### ४. मेसिन सञ्चालन :

१) मेसिन (Backhoe Loader) को वीमा गरी सञ्चालन गरिनेछ।

२) प्रस्तावनामा उल्लेख बमोजिमको मापदण्ड र कार्यविधिमा आधारित सेवाग्राहीले गाउापालिकाको कार्यपालिकाको कार्यालयमा तोकिएबमोजिमको मेसिन भाडा रकम धरौटीमा राखी के कामको लागि मेसिन भाडामा लिनु परेको हो सो व्यहोरा खुलाई अनुसुची-१ बमोजिमको ढाचाामा निवेदकले निवेदन पेश गर्नुपर्नेछ।







३) उपदफा (१) बमोजिम रितपुर्वकको निवेदन गाउा कार्यपालिकाको कार्यलयमा पर्न आएमा सो निवेदन उपर जााचबुभ्क गरी मेसिन भाडामा दिनुपर्ने देखिएमा गाउा कार्यपालिकाको कार्यलयले निज निवेदकलाई मेसिन भाडामा दिनेछ।

४) उपदफा (२) बमोजिम मेसिन भाडामा दिदा मेसिन भाडामा लिएको ठाउा, मिति, समय र के काम प्रयोजनको लागि मेसिन भाडामा दिए लिएको हो उक्त काम सम्पन्न भएपछि उक्त मेसिन जगदुल्ला गाउा कार्यापालिकाको कार्यालय माभ्कगाउा डोल्पामा बुभ्काउने छौं/छु भन्ने व्यहोराको मेसिन भाडामा लिने सेवा ग्राहीलाई अनुसुची-२ बमोजिमको ढाचामा कागज गर्नु गराउनुपर्नेछ।

५) यस कार्यविधिमा अन्यत्र जे सुकै लेखिएको भए तापनि बाढी,पहिरो, भुकम्प, आगजनी जस्ता प्राकृतिक प्रकोपबाट समेत प्रभावित पिडित व्यक्ति/समुदाय/समुह/संघसंस्था वा असहाय वा विपन्न व्यक्ति वा विपन्न वर्गलाई निःशुल्क वा सहुलिएत वा सशुल्क उक्त मेसिनबाट सेवाग्राहीलाई सेवा दिन वाधा पर्ने छैन।

**द्रष्टव्य :** यस कार्यविधिमा अन्यत्र जे सुकै उल्लेख गरेको भएता पनि नेपालको संविधान २०७२ स्थानिय सरकार सञ्चालन ऐन २०७४ सार्वजनिक खरिद ऐन नियमावली कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन नियमवली तथा अन्य प्रचलित ऐन नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ।

### ५. बाधा अड्काउ फुकाउने :

(१) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आइपरेमा सो फुकाउने अधिकार गाउापालिकाको गाउा कार्यपालिकालाई हुनेछ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउापालिकाको गाउाकार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

## अनुसुची-१

**(दफा ४ को उपदफा (२) सँग सम्वन्धित)**

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जगदुल्ला गाउा कार्यपालिकाको कार्यालय, डोल्पा

**विषय : मेसिन भाडामा उपलब्ध गराई पाउँ ।**

महोदय,

उपर्युक्त विषयको सम्बन्धमा हामी/म ............................ लाई .................. ठाउामा सामुहिक/सरकारी/सामुदायिक/निजी कामको लागि मिति .................. देखि ................. सम्म मेसिन भाडामा लिनुपर्ने भएकोले सो भाडा वापत अग्रीम धरौटी रु. ................(अक्षेरुपी ..........................................) यसै साथ संलग्न राखी रु १० को टिकट टाास गरी निवेदन पेश गरेको छौं/छु। उक्त मेसिन भाडामा लिएको समयावधिभित्र सो मेसिन र सो मेसिनको चालक र सहयोगीलाई सुरक्षाको व्यवस्था खर्च हामी/मैले स्वयमले गर्ने गराउने छौं/छु। व्यहोरा साचाो हो झुट्ठा ठहरे कानुन बमोजिम सहाला बुझाउाला।

**संलग्न कागजातहरु**

क) उपभोक्ता समितिको निर्णयको प्रतिलिपि
ख) नेपाली नागरिकताको प्रतिलिपी
ग) भाडामा लिनको लागि माग गरेको पत्र

**निवेदक**
नामः
पदः
दस्तखतः
कार्यालय संघ/संस्थाः
छापः

जिल्ला ................ गा.पा/न.पा ............................ वडा नं. ....... टोल बस्ने .......................... को छोरा ........................... वर्ष .......को ..........







## अनुसुचि - २

**(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)**

लिखितम जिल्ला..................................... गा.पा/न.पा वडा नं. ......... टोल बस्ने .................................... को छोरा वर्ष ....... को उपभोक्ता समिति आगे जगदुल्ला गाउापालिका गाउा कार्यपालिकाको कार्यालयबाट मैले/हामीले मिति .................... कामको लागि भाडामा लिएको/लिएका हुदाा उक्त मेसिनको चालक र सहयोगीलाई मेसीन भाडामा लिएको समयमा खाना र बासको व्यवस्था खर्च म/हामी आफैले व्यहोर्ने छु/छौं । उक्त मेसीन मैले/हामीले भाडामा लिएको अवस्थामा सो मेसीन र उक्त मेसीनका चालक र सहयोगीको सुरक्षा प्रबन्ध तथा मेसीन भाडामा लिएको बखत उक्त मेसीनमा केही कसैले तोडफोड गरी मेसीनमा क्षती भएमा सो क्षती म/हामी आफैले व्यहोर्ने गर्ने कुरामा मन्जुर छु/छौं। भनी यो कागज गरी दिए/दियौ यो कागज लेखेको ठाउा जगदुल्ला गाउा कार्यपालिकाको कार्यालय डोल्पामा हो ।

इति ........ सम्वत ......... साल............ महिना........ गते.......रोज ........शुभम्

दायाा वायाा

नामः
पदः
कार्यालयः
छापः

जगदुल्ला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०३ अतिरिक्ताङ्कः ०२ मितिः २०७५ साल मंसिर २१ गते

भाग–२

जगदुल्ला गाउँपालिका

## एक घर एक व्यवसाय अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

जगदुल्ला गाउाकार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०८/२१

**प्रस्तावना**

जगदुल्ला गाउापालिका अर्न्तगतको आ.व २०७५/२०७६ को वार्षिक कार्यक्रम अनुसार कृषि/पशुपालन समुह/अन्य निजी फर्मलाई आफ्नो व्यवसायिक योजना तयार गरी आत्मनिर्भर एवं आर्थिक एवं सामाजिक रुपमा समुन्नत जिवनयापन गर्ने अनुदान कार्यक्रम सुव्यवस्थित एवं नतिजामुखी ढंगबाट सञ्चालन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) र (७) बमोजिम जगदुल्ला गाउापालिकाको गाउा कार्यपालिकाबाट एक घर एक व्यवसाय अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७५ तयार गरी स्वीकृत गरिएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस कार्यविधिको नाम एक घर एक व्यवसाय अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७५ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- क. गाउापालिका भन्नाले जगदुल्ला गाउापालिका डोल्पा सम्झनुपर्छ।
- ख. गाउा कार्यपालिका भन्नाले जगदुल्ला गाउा पालिकाका गाउा कार्यपालिका सम्झनुपर्छ।
- ग. वडा भन्नाले जगदुल्ला गाउापालिका डोल्पा अन्तर्गतका वडा नं. १,२,३,४,५, र ६ लाई सम्झनुपर्छ।
- घ. अनुदान ग्राही भन्नाले कृषि व्यवसाय साग सम्बन्धित कृषकहरु, कृषक/पशुपालन समुहहरु/अन्य निजी फर्म समेतका अनुदान प्राप्त गर्ने व्यवसायीहरुलाई सम्झनुपर्छ।
- ङ. कार्यक्रम भन्नाले एक घर एक व्यवसाय सम्झनुपर्छ।
- च. प्रस्ताव भन्नाले एक घर एक व्यवसाय अनुदान कार्यक्रमबाट आफ्नो कृषि/पशुपालन व्यवसाय/अन्य निजी फर्मको लागि अनुदान सहयोग पाउन पेश गरेको कार्ययोजना सहितको विवरणलाई सम्झनुपर्छ।

## परिच्छेद – २

## कार्यक्रम संचालन प्रक्रिया

**३. घर एक व्यवसाय अनुदान कार्यक्रम**

१. प्रस्तावनामा उल्लेख भए बमोजिमको मापदण्ड र कार्यविधिमा आधारित कृषक/पशुपालन समुह अन्य निजी फर्महरुले पेश गरेको व्यवसायिक योजना र प्रस्तावको आधारमा एक घर एक व्यवसाय अनुदानमा आधारित कार्यक्रममा :

- क. प्रथम पटक १५ दिने सुचना प्रकाशन गरिने छ।
- ख. दास्रो पटम ७ दिने सुचना प्रकाशन गरिने छ।
- ग. तेस्रो पटक ५ दिने सुचना प्रकाशन गरिने छ।

४. प्रस्ताव पेश गर्न इच्छुक कृषि/पशुपालन व्यवसाय सगा सम्वन्धित कृषक/पशुपालन समुह/अन्य निजी फर्महरुले अनुसुची-२ अनुसारको निवेदनसाथ र अनुसुचि-३ बमोजिमको प्रस्ताव पेश गर्नु पर्ने छ।

**५. अनुदान प्रवाह गर्ने निकाय :** जगदुल्ला गाउापालिका डोल्पा।

**६. सुचना प्रवाह तथा प्रस्ताव आह्वान:** सुचना प्रवाह तथा प्रस्ताव आ□वान देहाय वमोजिम हुनेछ।







१. गाउा कार्यपालिकाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकिएको म्याद दिई नियमानुसार प्रक्रिया पुर्‍याई अनुसुची-१ अनुसारको ढााचामा सुचना प्रकाशन गरी प्रस्ताव आवा□ान गर्नु पर्ने छ। सम्वन्धित सरोकारवाला सवैको जानकारीका लागि स्थानिय एफ.एम. बाट समेत सो सम्वन्धि सुचना प्रचार प्रसार गर्न सकिनेछ।

२. प्रस्ताव पेश गर्न ईच्छुक कृषि/पशुपालन व्यवसायसाग सम्वन्धित कृषक/पशुपालन समुह/अन्य निजी फर्महरुले अनुसुची-१ अनुसारको निवेदन साथ अनुसुचि-३ बमोजिमको प्रस्ताव पेश गर्नु पर्नेछ।

**७. प्रस्ताव मुल्यात्तन तथा छनोट :** एक घर एम व्यवसायमा आधारित अनुदान कार्यक्रमको प्रस्ताव मुल्याङ्कन तथा छनोट देहाय बमोजिम हुनेछ।

१. प्रस्तावको मुल्याङ्कन तथा छनोटको आधार अनुसुची-४ बमोजिम हुनेछ।

२. मुल्याङ्कन तथा छनोट समिति देहाय अनुसार हुनेछ :

| | |
|---|---|
| क) गाउापालिकाको प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) गाउापालिकाको लेखा शाखा प्रमुख | - सदस्य |
| ग) गाउापालिकाको योजना शाखा प्रमुख | - सदस्य |
| घ) गाउापालिकाको इन्जिनियर | - सदस्य |
| ङ) गाउापालिकाको प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

३. समितिले आवश्यकता अनुसार वैठकमा विषयविज्ञहरुलाई आमन्त्रण गर्न सक्ने छ।

४. समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एकजना संयोजक र बढीमा दुई जना सदस्यहरु रहेको उप समिति गठन गरी मुल्याङ्कन प्रतिवेदन लिन सक्ने छ।

५. मुल्याङ्कन तथा छनोट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- क. स्थलगत अध्ययन अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मुल्याङ्कन गर्ने छ।
- ख. आवश्यकता अनुसार उप समितिलाई छनोट सम्वन्धि अधिकार वाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार बमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

ग. समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम सुची तयार गरी अन्तिम सुचि प्रकाशन गरिनेछ ।

घ. समितिले मुल्याङ्कन तथा छनोट सम्वन्धि कार्य गर्दा प्रस्ताव पेश भएका अन्तिम सात दिन भित्र प्रस्ताव छनोट गर्ने गरी मुल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेछ । उक्त म्याद भित्र छनोट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढीमा सात दिनको म्याद थप गर्न सकिनेछ ।

६. गाउपालिकाको गाउकार्यपालिकाले छनोट भएका प्रस्तावहरुको विवरण खुलाई सात दिनको म्याद दिई सम्झौत गर्ने आशयको सुचना जारी गर्नु पर्नेछ ।

७. छनोटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनोट भएको ८औं दिनदेखि तीन दिनभित्र सम्झौत गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सुचना दिनेछ ।

८. छनोट भएका प्रस्ताव उपर उजुरी परेमा सात दिनभित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नुपर्नेछ ।

८. **सम्झौता र भुक्तानीः** एक घर एक व्यवसाय अनुदान कार्यक्रममा आधारित कार्यक्रम सञ्चालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछ ।

१) **सम्झौताः** अनुदान प्रवाह गर्ने गाउपालिकाको गाउ कार्यपालिकाले छनोट भएको अनुदान ग्राहीसाग भुक्तानी प्रकृया तथा अनुदान ग्राहीको दायित्व स्पस्ट उल्लेख भएको सम्झौता अनुसुचि-५ अनुसार गर्नुपर्नेछ ।

२) **भुक्तानी :** अनुदान रकमको भुक्तानी अनुदान ग्राहीको वैक खाता मार्फत बढीमा तीन किस्तामा देहाय अनुसार गरिनेछ ।

क) सम्झौता भएपछि कार्ययोजना पेश्की मागको निवेदन बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरेपछि पेश्कीको स्वरुपमा प्रथम किस्ता वापत अनुदान रकमको बीस प्रतिशत भुक्तानी दिइनेछ ।

ख) पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण विल भरपाइ सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा तीन प्रतिशत पहिलो रनिङ विलको रुपमा भुक्तानी दिइनेछ ।







ग) सवै कार्य सम्पन्न भइ कार्य सम्पन्न प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि पचास प्रतिशत तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी दिइनेछ ।

घ) भुक्तानी हुदाका बखत अनुदान ग्राहीले एक घर एक व्यवसाय अनुदान कार्यक्रमबाट भुक्तानीको अनुपातमा कार्य सम्पन्न हुनुपर्ने तथा सो कुरा वीलहरुमा स्पस्ट देखिएको हुनुपर्नेछ ।

ङ) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा कार्य नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

च) अनुदानग्राहीले रनिङ विलहरु तथा तोकिएको कार्य सम्पादन गरी कार्यसम्पन्न विलहरुको आधारमा रकम भुक्तानी लिन सो लिखित निवेदन दिएको ७ दिन भित्र गाउपालिकाको गाउकार्यपालिकाले कार्यको अनुगमन सुपरीवेक्षण तथा सम्पन्न कार्य प्राविधिक मुल्याङ्कन गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

३. **अनुदान रकम :** साधारणतया उपयोग आधारमा अनुदान रकम भुक्तानी गरिनेछ । स्वीकृत कार्यक्रम र वजेटको परिधिभित्र रहि प्रस्तावको उपयुक्तताको आधारमा अनुदान रकम रकम प्रदान गरिनेछ । स्वीकृत पूाजीगत अनुदान अन्तर्गत दिइने अनुदान रकम बढीमा ५ प्रतिशत रनि☐ बिलको आधारमा कन्टिजेन्सी वापत कट्टा गरिएको कन्टिजेन्सी रकम गाउपालिकाको गाउ कार्यपालिकाबाट नियमित रुपमा गरिने अनुगमन निरिक्षण संरचना प्रकाशन बैठक प्रचार प्रसार प्राविधिक खर्च आदि शीर्षकहरुमा खर्च गर्न सकिने छ ।

९. **अनुदान ग्राहीले पालन गर्नुपर्ने शर्तहरुः**अनुदान ग्राहीले देहाय अनुसारका शर्तहरु पालना गर्नुपर्ने छ ।

१. अनुदान ग्राहीले आफ्नो स्वीकृत परियोजना सम्वन्धि कामको विवरण, लागत सम्पन्न अवधी, अपेक्षीत उपलब्धी सहितको सार्वजनिक सुचना पाटी कार्यक्रम स्थलमा राख्नु पर्नेछ ।

२. अनुदान ग्राहीले अनुदान रकमबाट संचालन गरेको परियोजना कार्यको सम्पूर्ण अभिलेख दुरुस्त राखेको हुनुपर्ने छ ।

३. व्यवसायीले कसैलाई रोजगारी दिएको अवस्थामा करार सम्झौता सहित राख्नुपर्नेछ। मासिक तलक भत्ता दिने गरी रोजगारी दिएको अवस्थामा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

४. कार्यसञ्चालनका क्रममा गाउापालिकाको गाउा कार्यपालिकाबाट दिइएको निर्देशनको पूर्णरुपमा पालना गर्नुपर्नेछ।

५. गाउापालिकाले खोजेका बखत अनुदान ग्राहीको परियोजना र संचालन कार्यप्रगति हेर्न सक्नेछ र सोको कार्य प्रगति देखाउनु सम्वन्धित अनुदान ग्राहीको दायित्व हुनेछ।

६. अनुदान ग्राहीले खेती/पशुपालन र अन्य निजी फर्मको हकमा कम्तिमा ५ वर्ष अछिन्न रुपमा स्वीकृत व्यवसाय सञ्चालन गर्ने कुरा सम्झौता शर्त खुलाउनु पर्नेछ।

७. अनुदान ग्राहीले सम्बन्धित वाली/पशुपालन र अन्य निजी फर्मको वीमा गराउनु पर्नेछ।

८. अनुदान रकम भुक्तानीको लागि सार्वजनिक सुनुवाई गरी रंगिन फोटोसमेत पेश गर्नुपर्नेछ।

९. अनुदान उपलब्ध गराइएको रकम रुपैया स्वीकृत सम्झौता बमोजिम नगरी अन्य कार्यमा खर्च गर्न पाउने छैन।

१०. विरुवा, मौरीघार, च्याउ वीउ, मेटल वीन जस्ता कृषि औजार तथा अन्य निजी फर्मका उपकरणहरु खरिद गर्दा सकेसम्म आधिकारिक श्रोतकेन्द्रबाट खरिद गर्नुपर्नेछ।

११. वीउ खरिद गर्दा सकेसम्म नेपाल सरकारले रजिस्टर्ड गरेका र आधिकारिक श्रोतबाट खरिद गर्नुपर्नेछ।

## परिच्छेद – ३
## अनुगमन मुल्याङ्कन

**१०. अनुगमन मुल्याक्तन :** कार्यक्रम कार्यान्वयनको क्रममा गाउापालिकाको गाउाकार्यपालिकाले आवश्यकतानुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ।







## परिच्छेद – ४
## विविध

**११. पुरस्कार तथा कारवाहीको व्यवस्था :** पुरस्कार तथा कारर्वाहीको व्यवस्था देहाय अनुसार हुनेछ।

१. तोकीएको मापडण्ड र गुणस्तरमा व्यवसाय संचालन गर्ने अनुदानग्राहीलाई प्रोत्साहन स्वरुप गाउापालिको गाउा कार्यपालिकाबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कार गरी सम्मान गरिनेछ साथै एक घर एक व्यवसाय अन्तर्गत अन्य तर्फका व्यवसायहरुले गाउापालिकाबाट प्राप्त अनुदानको पूर्णरुपमा सदुपयोग गरी बढीमा रु.४०,००० (चालिस हजार) र घटिमा १०,००० (दश हजार) सम्म आय आर्जनमा वृद्धिका लागि प्रोत्साहन बापत थप नगद अनुदान उपलव्द गराईने छ।

२. अनुदानको रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी वााकी सरह असुल उपर गरिनेछ।

३. त्यस्ता अनुदान ग्राहीलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सुचिमा राखिनेछ।

**द्रष्टव्य :** यस कार्यविधिमा अन्यत्र जे सुकै उल्लेख गरेको भएता पनि नेपालको संविधान २०७२ स्थानिय सरकार सञ्चालन ऐन २०७४ सार्वजनिक खरिद ऐन नियमावली कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन नियमवली कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन नियमावली उल्लेख भएकोमा सोही बमोजिम हुनेछ।

**१२. बाधा अड्काउ फुकाउने :**

(१) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आइपरेमा सो फुकाउने अधिकार गाउापालिकाको गाउा कार्यपालिकालाई हुनेछ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउापालिकाको गाउाकार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

## अनुसुची - १

**(दफा ३ को उपदफा (१) सँग सम्वन्धित)**

**अनुदान रकम उपलब्ध गराउनको लागि प्रस्ताव अनुदान सुचना**

**सूचना** ☐ **सुचना** ☐☐ **सुचना** ☐☐☐

यस गाउापालिकाको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एक घर एक व्यवसाय अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुादा जगदुल्ला गाउापालिका डोल्पाका इच्छुक कृषक/पशुपालन समुह र अन्य निजी फर्मबाट दरखास्ट आ☐वानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले .......................दिनभित्र जगदुल्ला गाउापालिकाको गाउा कार्यपालिकाको कार्यालय डोल्पामा तपसिल अनुसारका कागजातहरु एवं अनुसुची-३ अनुसार व्यवसायिक योजना सहित आवेदन आ☐वान गरिएको छ। थपा जानकारीका लागि जगदुल्ला गाउापालिका गाउा कार्यपालिकाको कार्यालय डोल्पामा सम्पर्क गर्न सकिनेछ।

**<u>आवश्यक कागजातहरु</u>**

**(कृषक/पशुपालन समुहको हकमा)**

१. कृषक/पशुपालन समुहको सक्कल निवेदन
२. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
३. कृषक समुह दर्ता प्रमाण पत्रको प्रतिलिपी
४. कृषक सकुह गठन भएको प्रतिलिपी
५. नागरिकताको प्रमाणपत्र प्रतिलिपी

**(अन्य निजी फर्महरुको हकमा)**

१. स्थायी लेखा नम्वरको प्रमाण पत्रको प्रतिलिपी
२. घरेलु दर्ता प्रमाण पत्रको प्रतिलिपी
३. इजाजत प्रमाण पत्रको प्रतिलिपी
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
५. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
६. सम्बन्धित वडा कार्यालयको सिफारिस
७. आफ्नो व्यवसायको कार्ययोजना
८. निवेदन पत्र







## अनुसुची - २

(दफा .......... को उपदफा .............. सम्बन्धित)

**एक घर एक व्यवसाय अनुदान कार्यक्रमको लागि दिनुपर्ने निवेदन**

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

**विषय: एक घर एक व्यवसाय अनुदान कार्यक्रमको लागि रकम उपलब्ध गराईपाउँ**

महोदय,

हामी/म निम्न लिखित प्रस्तावना फारम वा दस्तखत भएका व्यक्तिहरु/अन्य निजी फर्मबाट जगदुल्ला डोल्पामा पर्ने ............................ नामक कृषक/पशुपालन समुह/अन्य निजी फर्मले व्यवसाय सञ्चालनको लागि अनुदान रकम आवश्यकता परेकोले रु.१० को टिकट टाास गरी अनुसुचीमा संलग्न फारम भरी यो प्रस्तावना पेश गरेकी छु/छौं।

**<u>निवेदक</u>**

कृषक/पशुपालन समुह/अन्य निजी फर्म:
अध्यक्ष/प्रतिनिधिको/प्रोप्राइटरको दस्तखत:
नाम :
पद/प्रोप्राइटर :
सम्पर्क नं.:
मिति :
कृषक/पशुपालन समुह/अन्य निजी फर्मको छाप :

## अनुसुचि - ३

### दफा ३ को उपदफा (४) सँग सम्वन्धित

### प्रस्तावनाको संक्षिप्त विवरण

१. प्रस्तावनाको नाम :

२. कार्यक्रम संचालन गर्ने ठेगानाः जिल्ला ........ गा.पा./न.पा. ................... वडा नं. ........टोल.......................

३. प्रस्तावीत योजनाको मुख्य उद्देश्य :

४. सिंचाइको स्रोत :

५. लगाइने वाली/पशुपालन अन्य निजी व्यवसाय :

६. वाली नाली क्षेत्रफल पशुपानल/अन्य फर्म निजी व्यवसायको प्रभाव क्षेत्र :

७. हालको उत्पादकत्व .......... मे.टन/वर्गमिटर कार्यक्रम पश्चात उत्पादकत्व ...........मे. टन/वर्गमिटर पशुपालन/निजी व्यवसायको हालको अवस्था ......... कार्यक्रम पश्चात

८. व्यवसायिक योजना सञ्चालनको लागि गरिने क्रियाकलाप तथा अनुमानित लागत रकम

| सि. नं. | गरिने आवश्यक क्रियाकलापहरु | परिमाण | प्रतिईकाइ दर | कुल जम्मा रकम रु | आफ्नो सहभागिता रकम रु | माग गरेको अनुदान रकम रु | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

### योजनामा सहभागिहरुको विवरण

| क्र. सं | कृषक/पशुपालन/समुह/अन्य निजी फर्म निवेदकहरुको नाम | पद प्रोप्राइटर | ठेगाना | परिवार संख्या | क्षेत्रफल प्रभाव क्षेत्र | सम्पर्क फोन नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |







## अनुसुचि - ४

### प्रतिवद्धता पत्र

जगदुल्ला गाउापालिकाको गाउा कार्यपालिका डोल्पा को मिति .................. को सुचना अनुसार एक घर एक व्यवसाय अनुदान कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सो को व्यवसायिक योजना सहित आवेदन पेश गरेका छु/छौं । उक्त कार्यक्रममा छनोट भएका व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको व्यवसायिक कार्य गर्ने छु/छौं र कम्तिमा ५ वर्ष सम्म निरन्तरता दिने छौं/छु व्यवसायिक योजना अनुसारको कार्य नगरेमा र कम्तिमा (५) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा गाउापालिकाबाट प्राप्त अनुदान रकम र सो को प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं/छु । अन्यथा प्रचलित कानुन बमोजिम सहुला बुझाउला साथै संचालित व्यवसायिक क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्याहोरा तथा प्रतिवद्धता समेत व्यत्त गर्दछौं/छु ।

**आवेदकको तर्फबाट**

| दायाा | वायाा |
|---|---|
| | |

नामः

पद/प्रोप्राइटरः

कृषक/पशुपालन समुहको/अन्य निजी फर्मको नाम :

ठेगानाः

सम्पर्क फोन नं.:

दस्तखतः

मितिः

छापः

## अनुसुची - ५

### (तफा ७ को उपदफा (१) सँग सम्बन्धित

## एक घर एक व्यवसाय अनुदान कार्यक्रम प्रस्ताव मुल्याङ्कन फारम

| क्रं सं. | प्रस्ताव मुल्याङ्कन आधारहरु | अंक |
|---|---|---|
| १. | एक घर एक व्यवसाय कार्यक्रमका लागि प्रस्तावित जमिन स्थानको उपयुक्तता | २० |
| क. | एक घर एक व्यवसाय कार्यक्रम.....का लागि उपयुक्त सडक, सिंचाइ, विजुली आवश्यक जमिनको क्षेत्रफल भएको | २० |
| ख. | सडक, सिंचाइ र आवश्यक जमिनको क्षेत्रफल/प्रभाव क्षेत्र भएको तर विजुलीको सुविधा | १५ |
| ग. | सिंचाइ र आवश्यक जमिनको क्षेत्रफल/प्रभाव क्षेत्र भएको तर सडक र विजुलीको सुविधा नभएको | १० |
| घ. | जमिनको क्षेत्रफल भएको तर सडक, सिंचाइ र विजुलीको सुविधा नभएको | ५ |
| २. | प्रस्तावित व्यवसायिक योजना | |
| क. | व्यवसायिक दृष्टिले वढि उपयुत्त वालीहरु/पशुपालन/अन्य निजी व्यवसाय वातावरण मैत्रि दिगोपना मुनाफाजनक र रोजगारमुलक | २० |
| ख. | व्यवसायिक दृष्टिले वढि उपयुत्त वालीहरु/पशुपालन/अन्य निजी व्यवसाय वातावरण मैत्रि दिगोपना मुनाफाजनक | १५ |
| ग. | व्यवसायिक दृष्टिले वढि उपयुक्त वालीहरु/पशुपालन/निजी व्यवसाय वातावरण मैत्रि मुनाफाजनक | १० |
| घ. | व्यवसायिक दृष्टिले वढि उपयुत्त वालीहरु/पशुपालन/अन्य निजी व्यवसाय वातावरण मैत्रि मुनाफाजनक | ५ |
| ३. | प्रस्तावना आर्थिक क्षमताको अवस्था | १५ |
| क. | लागत अंश ३० प्रतिशत वा सो भन्दा वढी वेहोर्ने सक्षम भएको प्रमाण देखिएको | १५ |
| ख. | लागत अंश २५ प्रतिशत वा सो भन्दा वढी वेहोर्ने सक्षम भएको प्रमाण देखिएको | १२ |
| ग. | लागत अंश २० प्रतिशत वा सो भन्दा वढी वेहोर्ने सक्षम भएको प्रमाण देखिएको | ८ |







| क्रं सं. | प्रस्ताव मुल्याङ्कन आधारहरु | अंक |
|---|---|---|
| घ. | लागत अंश १५ प्रतिशत वा सो भन्दा वढी वेहोर्ने सक्षम भएको प्रमाण देखिएको | ५ |
| ४. | सामाजिक दायित्व र वजार सम्वन्ध | २५ |
| क. | प्रभाव क्षेत्रका सामुदायसाग अन्तरसम्वन्धि सेवाको व्यवस्था | १० |
| ख. | स्थानीयलाई रोजगारीको अवसर | ८ |
| ग. | मुल्य श्रृङखला सम्वन्ध | ७ |
| ५. | प्रस्ताव कक्ताको वर्गीकरण | २० |
| क. | कृषक/पशुपालन समुह | १५ |
| ख. | अन्य निजी फर्म | १० |
| | कुल जम्मा | १०० |

**नोट :** मुल्याङ्कन समितिले आवश्यक ठानेमा मुल्याङ्कनका कुनै एक आधारहरु तयार गरी मुल्याङ्कन गर्न सक्नेछ ।

## अनुसुचि - ६

**(दफा .......... को उपदफा ..... सम्बन्धित)**

## सम्झौता पत्रको नमुना

यो सम्झौता पत्र जगदुल्ला गाउापालिका गाउा कार्यपालिकाको कार्यालय डोल्पा (पहिलो पक्ष भनिएको) र ...........कृषक समुह निजी फारम जगदुल्ला गा.पा. वडा नं. ............. डोल्पा (दोस्रो पक्ष भनिएको) वीच तपशिलको शर्त बमोजिमको कुरालाई गर्ने कुरा मन्जुर गरिन्छ ।

१. यो सम्झौता सम्झौता भएको मिति ............... देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा सम्लग्न स्वीकृत प्रस्तावना बमोजिमको व्यवसायिक कार्य यथाशिघ्र संचालन गरी मिति...........साल......... महिना..... गते..... सम्म सम्पन्न गरी आवश्यक कागजातहरु सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२. यस सम्झौता बमोजिमको व्यवसायीक कार्य दोस्रो पक्षले आफै संचालन गर्नुपर्ने छ । दोस्रो पक्षले आफै संचालन नगरी अन्य व्यक्ति वा संस्था मार्फत संचालन गराउन पाउने छैन ।

३. पहिलो पक्षले दोस्रो पक्षलाई प्रस्तावना अनुसारको व्यवसाय गर्न व्यवसायको प्रकृति अनुसार बढीमा तीन किस्ता वा एकमुष्ठ रकम देहाय बमोजिम भुक्तानी गरिने छ ।

   १. सम्झौता भएपछि व्यवसायीक कार्य योजना, पेश्की मागको निवेदन, २० प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरेपछि पेश्कीको रुपमा प्रथम किस्तावापत अनुदान रकमको २० प्रतिशत भुक्तानी गरिने छ ।

   २. पचास प्रतिशत कार्य सम्पन्न भए पछि सम्पुर्ण विल भरपाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा तीस प्रतिशत पहिलो रनिङ विलको रुपमा भुक्तानी गरिने छ ।

   ३. सम्झौता बमोजिमको सवै व्यवसायीक कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि पचास प्रतिशत तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी गरिने छ ।

   ४. सम्झौता बमोजिमको व्यवसायीक कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान रुवरुप रु. ......... (अक्षरुपी ...................)





एक घर एक व्यवसाय अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

५. दोस्रो पक्षले सम्झौता वमोजिमको व्यवसायीक कार्यको लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैर सरकारी संघसंस्थाबाट सहयोग अनुदान आदि प्राप्त गरिने भए पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता वमोजिमको व्यवसायीक कार्य गर्दा पहिलो पक्षबाट खटिएका कर्मचारी, प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।